# सानीभेरी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## सिम्ली, रुकुम (पश्चिम)
## कर्णाली प्रदेश, नेपाल

## सानीभेरी गाउँपालिका अन्तर्गत नदीजन्य पदार्थ (ढुंगा, गिट्टी, बालुवा आदि) उत्खनन तथा बिक्री सम्बन्धी बोलपत्र आव्हान गरिएको सूचना

(दोस्रो पटक प्रकाशित मिति २०७७।०७।२४)

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ६२ (क)एवं सानीभेरी गाउँपालिका गाउँकार्यपालिकाको निर्णय बमोजिम आर्थिक वर्ष २०७७।०७८ को लागि यस कार्यालयले तोकेको दर रेटको आधारमा वार्षिक न्यूनतम रकम बाट बढाबढ हुने गरी सानीभेरी गाउँपालिका क्षेत्रअन्तर्गत पर्ने देहायका शीर्षकमा ठेक्का बन्दोबस्त गर्नु पर्ने भएकाले सोको लागि सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र बोलपत्र लिन चाहने व्यक्ति,फर्म वा कम्पनीबाट निम्नलिखित शर्तहरुको अधिनमा रही आफ्नो फर्म नवीकरण भएको प्रमाणपत्र, मुल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, स्थायी लेखा दर्ता प्रमाणपत्र तथा आर्थिक वर्ष २०७६।०७७ को कर चुक्ता प्रमाणपत्र प्रतिलिपी पेश गरी रितपूर्वकको बोलपत्र आव्हान गरिएको छ ।

| ठेक्का नं. | बोलपत्रको नाम | उत्खनन परिमाण (घनफिट) | न्युनतम अङ्क ( मु.अ.कर बाहेक ) | बोलपत्र फारम दस्तुर | धरौटी रकम |
|---|---|---|---|---|---|
| 02/SRM/077/078 | बाहुनीखेत देखि चाइनाबगर खण्ड | १,६०,००० | रु.८,००,०००/-आठ लाख रुपैंया । | रु १०००।- | कबोल अंकको ५ प्रतिशत |
| 05/SRM/077/078 | नायखोला देखि रिम्ना दोभान खण्ड | १००,००० | रु.५,००,०००/-पाँच लाख रुपैंया । | रु १०००।- | कबोल अंकको ५ प्रतिशत |
| 06/SRM/077/078 | मैतीलोटे देखि बेल्टापु खण्ड | १,६०,००० | रु.८,००,०००/-आठ लाख रुपैंया । | रु १०००।- | कबोल अंकको ५ प्रतिशत |

**बोलपत्र सम्बन्धी शर्तहरु**

१. बोलपत्र फाराम सूचना प्रकाशित भएको मितिले १५औं दिनसम्म कार्यालय समयभित्र तोकिएको दस्तुर तिरी यस कार्यालयको प्राविधिक शाखा बाट खरिद गर्न सकिनेछ र फाराम दस्तुर सनराइज बैंक सानीभेरी शाखाको आन्तरिक राजश्व खाता नम्बर ०७७०५३०७८७७०३००९ जम्मा गरेको बैंक सक्कल भौचर पेश गर्नु पर्नेछ । नियमानुसार दर्ता हुन आएका बोलपत्रहरु १६औं दिन दिनको १२:०० बजे भित्र बोलपत्र दर्ता र सोही दिन ०१:०० बजे यस कार्यालयमा बोलपत्र दाताको रोहबरमा खोलिनेछ । बोलपत्र दाताहरु उपस्थित नभए पनि बोलपत्रखोल्न कुनै बाधा पर्नेछैन ।

२. यस कार्यालयबाट प्रमाणित भएका बोलपत्र फारामहरु बोलपत्र दाता स्वयं वा रित पूर्वक लिखित वारेसपठाई तोकिएको दस्तुर बुझाई खरिद गर्नुपर्नेछ ।

३. बोलपत्र फारम खरिद गर्दा निवेदन सहित फर्म वा कम्पनीहरुले व्यवसाय दर्ता प्रमाणपत्र, स्थायी लेखा नम्बर, मूल्य अभिवृद्धि कर को प्रमाणपत्र तथा आर्थिक वर्ष २०७६/०७७ को कर चुक्ता प्रमाणित प्रतिलिपि पेश गर्नुपर्नेछ । व्यक्तिको हकमा नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि र बोलपत्र दस्तुर वापत नगदै तिरेको रसिद वा बैंक जम्मा भौचर पेश गर्नुपर्नेछ ।

४. बोलपत्र फाराम भरी पेश गर्दा आफूले कबोल गरेको रकम अङ्क र अक्षरमा स्पष्टसँग लेखी कम्तीमा ५% प्रतिशतले हुन आउने धरौटी रकम यस कार्यालयको सनराइज बैंक लिमिटेड,सानीभेरी शाखा स्थित खाता नम्बर ०७७०५३०७८७७०३००४ मा रकम जम्मा गरेको सक्कल बैंक भौचर वा मान्यता प्राप्त बैंकले यस कार्यालयको नाममा सोहि रकम बराबरको कम्तिमा ७५ दिन म्यादभएको बैंक जमानत पत्र बोलपत्रका साथ पेश गर्नुपर्नेछ । कबोल गरेको रकम अङ्क र अक्षरमा फरक पर्न गएमा अक्षरमा लेखिएको रकमलाई मान्यता दिईनेछ ।

५. यसपूर्व यस कार्यालयबाट कुनैपनि ठेक्का लिएर रकम फरफारक नभएको ठेकेदारबाट पेश भएको बोलपत्रलाई मान्यता दिईने छैन । तर बोलपत्र पेश गर्नु भन्दा अगाबै फरफारक गरेमा बोलपत्र पेश गर्न कुनै बाधा पर्ने छैन ।

६. बोलपत्र स्वीकृत भई सकेपछि बोलपत्रदाताले मान्यता प्राप्त वाणिज्य बैंकले यस कार्यालयको नाममा जारी गरेको कम्तीमा २०७८ श्रावण मसान्त सम्म म्याद भएको रितपूर्वकको जमानी पत्र (Performance Bond) पेश गर्नुपर्नेछ ।

७. स्वीकृत ठेक्का अंकलाई दुई चरणमा विभाजन गरिएको छ। पहिलो किस्ता ४० प्रतिशत र अन्तिम किस्ता ६० प्रतिशत मध्ये पहिलो किस्ता ४० प्रतिशत सम्झौताको बखत नगद दाखिलागरी र बाँकी ६० प्रतिशतको हकमा जमानत बापत् नेपाल सरकारबाट मान्यता प्राप्त वाणिज्य बैंकबाट मान्य हुने बैंक ग्यारेन्टी (Performance Bond) पेश गर्नुपर्नेछ । ६० प्रतिशत रकमको किस्ता सम्झौता समयभित्र दाखिला गर्नुपर्ने छ ।

८. प्राकृतिक स्रोत साधन निकाल्ने प्रयोजनका लागि लोडर,डोजर, एक्साभेटर जेसिबि र ६ चक्के टायर भएका भन्दा हेवि इक्विप्मेन्ट प्रयोग गर्न मिल्नेछैन ।

९. प्राकृतिक स्रोत साधनको उपयोग तथा बिक्रीवितरण संकलन गर्ने प्रयोजनका लागि गाउँकार्यपालिका कार्यालयले आवश्यकताअनुसार डिपोनिर्धारण गर्न सक्नेछ । साथै स्थानीय तहबाट निकासी गरी नदीजन्य पदार्थको निकासीकर सम्बन्धित डिपोमा बुझाउनुपर्नेछ ।

१०. उत्खनन गरिएको नदीजन्य पदार्थ खोलाको किनार वा सार्वजनिक स्थलमा घाटगद्धि गर्न पाइने छैन । त्यसका लागि बोलपत्र दाताले आफ्नो अलग्गै जग्गाको व्यवस्था गर्नुपर्नेछ ।

११. कुनैपनि बन्द, हडताल, प्राकृतिक प्रकोप आदि कारण देखाई छुट वा मिनाहाको दाबी गर्न पाइने छैन । नदिजन्य पदार्थउत्खनन संकलन तथा ढुवानी गर्दा कुनै विवाद उत्पन्न भएमा बोलपत्रदाताले व्यवस्थापन गर्नुपर्नेछ ।

१२. माथि उल्लेखित शर्तहरु उल्लंघन गरेमा वा तोकिएको किस्ता म्याद भित्र नबुझाएमा गाउँपालिकाको तर्फबाट ठेक्का तोडी बाँकी रहेको किस्ता बैंक ग्यारेन्टी बाट असुलउपर गर्ने गरी कानुनी प्रक्रिया अपनाइने छ । साथै असुल गर्न बाँकी रकममा १० प्रतिशत थप क्षति पुर्ति समेत जोडी सरकारी बाँकी सरह असुल उपर गरिनेछ ।

**प्रमुख प्रशासकीय अधिकृत**